# राष्ट्रिय जनगणना २०७८ को नतिजा सार्वजनिक प्रेस विज्ञप्ती

मिति:२०७९ चैत्र १० गते शुक्रबार

## नतिजाको सार संक्षेप

१. राष्ट्रिय जनगणना २०७८ अनुसार (जनगणना सन्दर्भ दिन २०७८ सालमंसिर ९ गते) नेपालको जनसंख्या २,९१,६४,५७८ रहेको छ, जसमध्ये पुरुषको संख्या १,४२,५३,५५१ (४८.९८ प्रतिशत) र महिलाको संख्या १,४९,११,०२७ (५१.०२ प्रतिशत) छ। जस अनुसार लैङ्गिकअनुपात(Sex Ratio)अर्थात प्रति १०० जनामहिलामा पुरुषको संख्या ९५.५९ जना रहेको छ। गत२०६८ सालको जनगणना अनुसार कुल जनसंख्या २,६४,९४,५०४ र लैङ्गिकअनुपात ९४.१६ थियो।

२. राष्ट्रिय जनगणना २०७८ को नतिजाअनुसार कुल जनसंख्यामध्ये अन्यलिङ्गी (लैङ्गिकतथा यौनिकअल्पसंख्यक) को जनसंख्या २,९२८ देखिएको छ जुनकुल जनसंख्याको ०.०१ प्रतिशत हुन्छ।

३. जनगणना अवधिमावार्षिक औषत जनसंख्या वृद्धिदर (Average annual population growth rate) ०.९२ प्रतिशतप्रतिवर्ष रहेको छ, जुन २०६८ सालको जनगणनामा १.३५ प्रतिशतप्रतिवर्ष थियो। जिल्लागत रुपमा हेर्दा सबैभन्दा बढी बार्षिक औषत जनसंख्या वृद्धिदर भएको जिल्लाभक्तपुर (३.३५ प्रतिशत) र सबैभन्दाकमबार्षिक औषत जनसंख्या वृद्धिदर भएको जिल्ला रामेछाप (-१.६७प्रतिशत) रहेका छन्।

४. जनगणनाको नतिजाअनुसार जनघनत्व (प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा रहेको जनसंख्या) १९८ जनाप्रतिवर्ग किलोमिटर रहेको छ, जुन २०६८ सालमा १८० वर्ग कि.मि. मात्रथियो। भौगोलिक क्षेत्रअनुसार हेर्दा सबैभन्दा धेरै जनघनत्व तराई क्षेत्रमा ४६० जनाप्रतिवर्ग किलोमिटर र सबैभन्दाकमहिमाली क्षेत्रमा ३४ जनाप्रतिवर्ग किलोमिटर रहेको छ। सबैभन्दा धेरै जनघनत्व काठमाडौं जिल्लामा (५१६९ जनाप्रतिवर्ग किलोमिटर) र सबैभन्दाकममनाङ जिल्लामा (३ जनाप्रतिवर्ग किलोमिटर) रहेको छ।

५. जनगणना २०७८ अनुसार देशमाबसोवास गर्ने कुल परिवार ६६,६६,९३७ छन । जसमध्ये व्यक्तिगत परिवार ६६,६०,८४१ र संस्थागत परिवार ६,०९६ रहेका छन् । प्रति परिवार अक्सर बसोबास गर्ने सदस्यऔसतमा ४.३७जना रहेको छ, जुन २०६८ सालमा ४.८८ जना रहेको थियो। भौगोलिक क्षेत्रअनुसार हेर्दा २०७८ माप्रति परिवार हिमाली क्षेत्रमा ४.३३ जना, पहाडमा ३.९९ जना र तराई क्षेत्रमा ४.७३ जना सदस्य रहेका छन्। परिवारको आकार रौतहट जिल्लामा सबैभन्दा बढी (५.९४) र गोरखा र दोलखाजिल्लामा सबैभन्दाकम (३.४९) रहेको छ। २०६८ सालको जनगणनामा कुल परिवार संख्या ५४,२७,३०२ रहेको थियो ।

६. २०७८ को जनगणना अनुसार नगरपालिकाहरुमा बस्ने जनसंख्या ६६.१७प्रतिशत रहेको छ भने गाउँपालिकाहरुमा बस्ने जनसंख्या ३३.८३ प्रतिशत रहेको छ। २०६८अनुसार नगरपालिकाहरुमा बस्ने जनसंख्या ६३.१९ प्रतिशत रहेको थियो भने गाउँपालिकाहरुमा बस्ने जनसंख्या ३६.८१ प्रतिशत रहेको थियो।

७. भौगोलिक क्षेत्रअनुसार तराईमाकुल जनसंख्याको ५३.६१ प्रतिशत (१,५६,३४,००६ जना), पहाडमा ४०.३१ प्रतिशत (१,१७,५७,६२४ जना) र हिमाली क्षेत्रमा ६.०८ प्रतिशत (१७,७२,९४८ जना) जनसंख्या रहेको छ । प्रदेशगत रुपमा जनसंख्याको वितरण हेर्दा सबैभन्दा धेरै जनसंख्याबागमतीप्रदेशमा २०.९७प्रतिशत र सबैभन्दाकम कर्णालीप्रदेशमा ५.७९ प्रतिशत रहेको । जिल्लागत रुपमा सबैभन्दा बढी जनसंख्याभएको जिल्ला काठमाडौं (२०,४१,५८७जना) र सबैभन्दाकम जनसंख्याभएको जिल्लामनाङ (५,६५८ जना) हो ।

८. जम्मा १५,५५,९६१ परिवारहरुबाट २१,९०,५९२ जना परिवारमाअनुपस्थित रहीविदेशमाअक्सर बसोवास गर्छन् जसमध्ये पुरुष १७,९९,६७५ (८२.२ प्रतिशत) र महिला ३,९०,९१७ (१७.८ प्रतिशत) रहेका छन्। २०६८ को जनगणना अनुसार १९,२१,४९४ जनाव्यक्ति परिवारमाअनुपस्थित रहीविदेशमाअक्सर बसोबास गरेका थिए।

९. १० वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्याको ३३.१ प्रतिशतव्यक्तिहरु अविवाहित रहेका छन् जसमापुरुष ३८.२ प्रतिशत र महिला २८.४ प्रतिशत छन्। १० वर्ष वा सो भन्दा बढी उमेरका र कम्तिमा एक पटक विवाह गरेका धेरैजसो व्यक्तिहरु (३४.४ प्रतिशत) को पहिलो विवाह १८ देखि २० वर्षको उमेरमाभएको देखाएको छ। दोस्रोमा १५ देखि १७वर्षको उमेरमापहिलो विवाहहुने व्यक्तिहरु २२.३ प्रतिशत छन्। १० वर्षमूनीको उमेरमापहिलो विवाहभएकाव्यक्तिहरु ०.३ प्रतिशत छन्।

१०. कुल जनसंख्याको २.२ प्रतिशतव्यक्तिमाकुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। अपाङ्गताभएकाव्यक्तिमध्ये पुरुष ५४.२ प्रतिशत र महिला ४५.८ प्रतिशत छन्।

११. देशका ५ वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसंख्याको साक्षरता दर ७६.३ प्रतिशत रहेको छ। पुरुषको साक्षरता दर ८३.६ प्रतिशत छ भने महिलाको साक्षरता दर ६९.४ प्रतिशत रहेको छ।

१२. हालअक्सर बसोबास गरिरहेको गाउँपालिकावानगरपालिकाबाट अर्को स्थानमाकहिल्यै पनिबसोबास नगरेका व्यक्तिहरु ६८.० प्रतिशत छन् जसमध्ये पुरुष७७.० प्रतिशत र महिला ५९.४ प्रतिशत रहेका छन्। कुलजनसंख्याको १०.८ प्रतिशतव्यक्तिहरुको यस अघिको बसोबास सम्बन्धितजिल्लाको अर्को गाउँपालिकावानगरपालिकामा, १८.२ प्रतिशत जनसंख्याको अर्को जिल्लामा र ३.१ प्रतिशतको यस अघिको बसोबास विदेश रहेको छ।

१३. बसाइ सर्नुको मुख्य कारणमा मुख्य कारणमा सबैभन्दा बढी ३८.२ प्रतिशतविवाह रहेको छ। हालबसोबास गरेको स्थानमाआउनुकाअन्य कारणहरु काम/रोजगारी १५.२ प्रतिशत, व्यापार/व्यवसाय २.८ प्रतिशत, अध्ययन/तालिम७.८ प्रतिशत, आश्रित १९.५ प्रतिशत, प्राकृतिकप्रकोप ०.७प्रतिशत, कृषि ३.९ प्रतिशत, घर फर्किएको ४.१ प्रतिशत र अन्य ६.६ प्रतिशत रहेका छन्। बसाइँसराइ गरी आएका पुरुषमध्ये सबैभन्दा बढी ३०.६ प्रतिशतकाम/रोजगारीको कारण र महिला ५८.२ प्रतिशतविवाहका कारण रहेका छन्।

१४. १५-४९ वर्षका विवाहितमहिला (६१,४५,०३९ जना) मध्ये १२ प्रतिशतले गणनाको समयसम्मकुनै पनिजीवितबच्चाजन्माएका छैनन् भने २ जनाजीवितबच्चाजन्माएकामहिलाको संख्या सबैभन्दा बढी ३३ प्रतिशत रहेको छ। गणनाको समयसम्म १ जनामात्रजीवितबच्चाजन्माउने विवाहितमहिला २३.१ प्रतिशत रहेका छन् भने ९ वा सो भन्दा बढी जीवितबच्चाजन्माउने महिला ०.१ प्रतिशत रहेको छ।

१५. गणनाको सन्दर्भ अवधि (गणना भएको दिन देखि १२ महिना अघिको समयावधि) माकुलप्रजनन् उमेर समूह (१५-४९ वर्ष) का १२,९७६ महिला मृत्युमध्ये ६५३ जना (५ प्रतिशत) मलिाको मृत्यु गर्भावस्थासँग सम्बन्धित रहेको छ। स्वास्थ्यतथा जनसंख्यामन्त्रालयसँगको सहकार्यमागरिएको भर्वल अटप्सी (Verbal Autopsy) बाट उल्लिखितगर्भावस्थासँग सम्बन्धित मृत्युमध्ये ६२२ जना (९५ प्रतिशत ) महिलाको मृत्यु मातृमृत्युसँग सम्बन्धित रहेको छ। यसै अवधिमाउक्त उमेर समूहबाट कुल ४,१२,९३५ जनाजीवितबच्चाको जन्मभएको देखिएको छ, जसअनुसार मातृमृत्यु दर १५१ जना (प्रतिलाखजीवितजन्ममा) रहेको नतिजाले देखाएको छ।

१६. अठार बर्ष भन्दाकम उमेरका कुल ९८,६९,५८३ बालबालिकामध्ये ७७.९ प्रतिशतबालबालिकाहरु आमाबाबु दुबैसँग बस्ने गरेका छन्। आमासँगमात्र बस्ने बालबालिका १७.१ प्रतिशत, बाबुसँग मात्र बस्ने बालबालिका १ प्रतिशत र अन्यनातेदारसँग बस्ने बालबालिका ३ प्रतिशत रहेका छन्।

१७. १० वर्ष वा सो भन्दा बढी उमेरका २,३९,५८,८६८ जनाव्यक्तिहरु मध्ये १,४९,८३,३१० (६२.५ प्रतिशत) जनाले गणना भएको १२ महिना अगाडिको समयमाकुनै न कुनै आर्थिक काम गरेका छन् जसमध्ये ४१.० प्रतिशतले ६ महिनावा सोभन्दा बढी समय काम गरेको, २१.५ प्रतिशतले ६ महिनाभन्दाकम समय काम गरेको र ३७.५ प्रतिशतले कुनै पनिआर्थिक काम गरेका छैनन्।

१८. १० वर्ष वा सो भन्दा बढी उमेरका आर्थिक काम गरेका कुल जनसंख्या १,४९,८३,३१० मध्ये ५२.६ प्रतिशतपुरुष र ४७.४ प्रतिशतमहिला रहेका छन्। आर्थिक काम गरेका जनसंख्यामध्ये पेशागत रुपमा सबैभन्दा बढी कृषि, वन र माछापालन कार्यका दक्षकामदारहरु ५०.१ प्रतिशत रहेका छन्। यसपछि क्रमशः सामान्यवाप्राथमिक पेशाकाकामदारहरु २३.० प्रतिशत, सेवातथा वस्तु बिक्री गर्ने कामदारहरु ५.८ प्रतिशत, शिल्पकलातथा कालिगढ र यस सम्बन्धीव्यापार गर्ने कामदारहरु ५.६ प्रतिशत, व्यवस्थापकहरु ५.१ प्रतिशत रहेका छन्।

१९. दशवर्ष वा सो भन्दा बढी उमेरका कुनै पनिआम्दानीहुने वानहुने आर्थिक कामनगरेका व्यक्तिहरु मध्ये सबैभन्दा धेरै ४६.९ प्रतिशतविद्यार्थी, २१.९ प्रतिशत घरधन्दा, ११.० प्रतिशत बृद्ध अवस्था, ७.५ प्रतिशतपारिवारिक हेरचाह, ७.४ प्रतिशतअन्य, २.५ प्रतिशतअशक्त/बिरामी, २.२ प्रतिशत पेन्सन/आयस्ता र ०.३ प्रतिशत सामाजिककार्य/स्वयंसेवा को कारणले नगरेको पाइएको छ ।

२०. ५ वर्ष वा सो भन्दाकम उमेरका कुल ३०,०७,६४८ जनाबालबालिकामध्ये ७४.० प्रतिशतको जन्मदर्ता गरेको देखिन्छ भने २६ प्रतिशतको जन्मदर्ता नगरेको देखिन्छ।

२१. जनगणनाको नतिजाअनुसार देशभर जम्मा७५,५२,०६६ वटा घर संरचना रहेको छ, जसमध्ये मुख्यरुपमाआवासको लागिप्रयोग भएका घर ७१.७प्रतिशत, गोठ/धन्सार/मतान १०.१ प्रतिशत, खाली घर ६.३ प्रतिशत, अन्य (जस्तैः भान्सा घर) ५.९ प्रतिशत, व्यापार ३.१ प्रतिशत, शैक्षिक १.१ प्रतिशत, उद्योग/कलकारखाना र संस्थागततथा सरकारी ०.४/०.४ प्रतिशत, होटल तथालज ०.३ प्रतिशत, स्वास्थ्यजन्य ०.२ प्रतिशत र बैंक तथावित्तीय संस्था ०.१ प्रतिशत रहेका छन्।

२२. संस्थागत परिवार बाहेकककाकुल ६६,६०,८४१ परिवारमध्ये ८६.० प्रतिशत परिवारहरु आफ्नै स्वामित्वको घरमाबसोबास गरिरहेका छन् भने १२.८ प्रतिशत परिवारहरु भाडामा लिइएको आवासीयएकाइमा बसिरहेको छन्। गत२०६८ सालको जनगणनामा यो मानक्रमशः ८५.३ प्रतिशत र १२.८ प्रतिशत रहेको थियो।

२३. कुल ६६,६६,९३७ परिवारमध्ये ३१.५५ प्रतिशत परिवारमूलीमहिला रहेका छन् जुन २०६८ को तुलनामा ५.८२ प्रतिशतबिन्दुले बढि हो।

२४. संस्थागत परिवार बाहेकका ६६,६०,८४१ परिवार मध्ये ५७.० प्रतिशत परिवारले धारा/पाइप (घरपरिसर भित्र र बाहिर समेत) बाट, २९.८ प्रतिशतले ट्युववेल/हाते पम्पबाट, १.५ प्रतिशतले ढाकिएको इनार/कुवाबाट, ३.९ प्रतिशतले मूलधाराबाट र ४.६ प्रतिशतले जार/बोतलबाट पिउने पानीमुख्यरूपमाप्रयोग गर्ने गरेका छन् भने खुलाइनार/कुवाबाट पानीको प्रयोग गर्ने घरपरिवार २.१ प्रतिशत, नदी/खोलाबाट पिउने पानीप्रयोग गर्ने परिवारहरु ०.४ प्रतिशत रहेका छन्। राष्ट्रिय जनगणना २०६८ माकुल ५४ लाख २३ हजार २९७ परिवार मध्ये ४७.८ प्रतिशत परिवारले धारा/पाइपबाट (घरपरिसर भित्र र बाहिर समेत) र ३५.१ प्रतिशतले ट्युववेल/हाते पम्पबाट पिउने पानीमुख्य रूपमाप्रयोग गर्ने गरेका थिए।

२५. देशका६६,६०,८४१ परिवार मध्ये आधाभन्दा बढी (५१ प्रतिशत) परिवारले खानापकाउनअक्सर काठ/दाउरा प्रयोग गर्ने गरेका छन्। खानापकाउनअक्सर एल.पि.ग्याँस,बिजुली, गुईठा/गोरहा, बायोग्याँस, मट्टितेल र अन्यइन्धनप्रयोग गर्ने परिवारको प्रतिशतक्रमशः ४४.३, ०.५, २.९, १.२, ०.०५ र ०.१ रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार ६४.० प्रतिशतले खानापकाउनअक्सर दाउरा प्रयोग गर्ने गरेका थिए।

२६. बिजुलीप्रयोग गर्ने परिवार ९२.२ प्रतिशत रहेको छ जुन २०६८ मा ६७.३ प्रतिशतथियो ।

२७. संस्थागतबाहेकका ६६,६०,८४१ परिवारमध्ये ९५.५ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने ४.५ प्रतिशत परिवारहरुसँग अझै पनिशौचालयको सुविधानभएको पाइएको छ। गत जनगणना २०६८ माशौचालयको पहुँचनभएका परिवार ३८.२ प्रतिशतथिए।

२८. संस्थागतबाहेकका ६६,६०,८४१ परिवारमध्ये २३.८ प्रतिशत परिवारहरुमामहिलाको नाममा घर वाजग्गावा घरजग्गादुबै रहेको छ। परिवारमा ११.८ प्रतिशतमहिलाको नाममा घर र जग्गादुवै रहेको छ जुन २०६८ सालको तुलनामा १.१ प्रतिशतबिन्दुले बढी हो।

२९. कुनै पनि सरकारी निकायमादर्ता नगरेका र एक जनापनितलबीकामदार नराखेका कृषिबाहेकका साना घरेलु व्यवसाय सञ्चालन गरेका परिवार ६,२७,८८७ (९.४%) रहेका छन्।

३०. संस्थागतबाहेकका ६६,६०,८४१ परिवारमध्ये ३.८८ प्रतिशत परिवारहरुमा जनगणनामा सोधिएकाकुनै पनि साधनतथा सुविधाहरु उपलव्धनभएको पाइयो भने ९६.१२ प्रतिशत परिवारमाकम्तीमा एक किसिमको सुविधाउपलब्धभएको पाइएको छ। साधारण मोवाइलफोन हुने परिवारको प्रतिशत७३.१५ प्रतिशत छ भने स्मार्ट मोबाइलफोन भएका परिवार ७२.९४ प्रतिशत रहेको छ। कुल परिवारमध्ये ४९.३७प्रतिशतमाटेलिभिजन, ३७.७२ प्रतिशतमा इन्टरनेट सुविधा, ३५.२१ प्रतिशतमा साइकलउपलव्ध रहेको छ।

## मातृमृत्यू सम्बन्धी नतिजा

३१.sjf स्थ्यतथा जनसङ्ख्यामन्त्रालय, राष्ट्रिय तथ्याङ्ककार्यालय, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् र स्वास्थ्यविकास साझेदारहरूको संयुक्तप्रयासमामातृ मृत्यु अनुपातको अनुमानतथामातृ मृत्युका कारणहरू पहिचान गर्नका लागि राष्ट्रिय जनगणनासँगै नेपालमापहिलो पटक मातृ मृत्युसम्बन्धीअध्ययन सम्पन्नभएको छ । यस अध्ययनबाट प्राप्ततथ्य र प्रमाणहरूले राष्ट्रिय तथाप्रादेशिकतहमातथ्यपरक नीतिनिर्माण गरी मातृ स्वास्थ्यमा सुधार ल्याउन सहयोग पुऱ्याउने अपेक्षागरिएको छ ।पहिलो चरणमा जनगणनामा खटिएका गणकले विगत १२ महिनामा१५-४९ वर्ष उमेर समूहका मृत्यु भएकामहिलाको मृत्यु सूचनाफाराम भरी सुपरिवेक्षकलाई बुझाएकाथिए र उक्त मृत्युको सूचनातोकिएकातालिमप्राप्त स्थानीय स्वास्थ्यकर्मीलाई दिएकाथिए । अध्ययनको दोस्रो चरणमा तालिमप्राप्त स्थानीय स्वास्थ्यकर्मीले प्रत्येक मृतकमहिलाको घरपरिवारमागई मृत्युको सूचनाफाराममा रहेको जानकारीको पुनः प्रमाणीकरण र गर्भावस्थासँग सम्बन्धित मृत्युको पहिचान गरेका थिए । यसरी पहिचानगरिएको प्रत्येकगर्भावस्थासँग सम्बन्धित मृत्युको विस्तृत विवरण स्वास्थ्यकर्मीले भर्बल अटप्सीफाराममार्फत सङ्कलन गरी तथ्याङ्क विश्लेषण गरिएको थियो । फलस्वरुपनेपालमाप्रतिलाखजीवितजन्ममामातृ मृत्यु १५१ रहेको देखाएको छ । प्रादेशिकस्तरमामातृ मृत्यु अनुपात कोशी, मधेश, बाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमप्रदेशमाक्रमशः १५७, १४०, ९८, १६१, २०७, १७२ र १३० देखाएको छ । त्यसैगरी भौगोलिकअवस्थितिअनुसार मातृ मृत्यु अनुपातहिमाल, पहाड र तराईमाक्रमशः १३३, १५७ र १४७ रहेको देखाएको छ । नेपालमामातृ मृत्यु भएकामहिलाहरूमध्ये ३३ प्रतिशतमहिलाको मृत्यु गर्भावस्थामा, ६ प्रतिशतको प्रसव अवस्थामा र ६१ प्रतिशतमहिलाको मृत्यु सुत्केरी अवस्थामाभएको पाइएको छ ।

राष्ट्रिय जनगणना २०७८ सम्बन्धीअन्यजानकारी

- जनगणनामा देशको निर्धारित सीमानाभित्रनिश्चित समयमाअक्सर बसोबास गरिरहेका व्यक्तितथा परिवारहरुको जनसांख्यिक, सामाजिकतथाआर्थिक विवरणहरु व्यवस्थितरूपमा संकलनप्रशोधनतथाविश्लेषणमार्फत सान्दर्भिक सूचकतथातथ्याङ्कप्रकाशन गर्ने गरिन्छ।
- नेपालमावि.सं. १९६८ (सन् १९११) बाट शुरु भईलगभगप्रत्येक १०/१० वर्षको अन्तरमा सञ्चालनहुँदैआएको जनगणनाश्रृङ्खलाअन्तरगतको वि.सं. २०७८ सालको राष्ट्रिय जनगणना नेपालको बाह्रौं र नेपालको संविधानबमोजिमको संघीय प्रणाली पश्चातको पहिलो जनगणना हो।
- राष्ट्रिय जनगणना २०७८ मा देशभित्रअक्सर बसोबास गर्ने हरेक व्यक्तितथा परिवार कोही नछुट्ने र कोहीनदोहोरिने सिद्धान्त अवलम्वन गर्नुको साथै सबै व्यक्तिको पूर्ण सहभागिताहोस भनी जनगणनाको नारा “मेरो गणना-मेरो सहभागिता” राखीपारिवारिक तथाव्यक्तिगतविवरणहरु संकलनगरिएको थियो।
- वि.सं. २०७८ बैशाख २६देखि जेष्ठ १४ गतेसम्म सुचिकरण कार्यर वि.सं. २०७८ साल जेष्ठ २५ देखि आषाढ ८ गते सम्ममूल गणना गर्ने गरितय गरिएकोमाकोभिड-१९ को कारणकार्यतालिकाअवरुद्ध भई करिव ५ महिना ढिलो हुनगयो ।
- संशोधितकार्य तालिकाअनुसार पहिलो चरणको घरपरिवार सूचीकरण कार्य वि.सं. २०७८ सालभाद्र ३० देखि असोज १८ सम्म (बीस दिन) र दोस्रो चरणको मुख्य गणना कार्य वि.सं. २०७८ सालकार्तिक २५ देखि मंसिर ९ सम्म (पन्ध्र दिन) संचालनभएको थियो ।
- जनगणनाको उद्देश्यअनुरुप कोहि नछुटुन र कोहि नदोहारिउनभनेर देशैभरिको गणना क्षेत्र नक्साप्रत्येक सुपरिवेक्षक तथा गणकलाई उपलब्ध गराईएको थियो। साथै उक्त गणना क्षेत्रकानक्साहरुलाई डिजिटल रुपमा समेत हेर्न सकिने गरी वेब एप्लिकेशनतयार गरिएको थियो।
- राष्ट्रिय जनगणना २०७८ को स्थलगतकार्य सञ्चालनको लागि७ वटा प्रदेश जनगणना कार्यालय तथा ८० वटा जिल्ला जनगणना कार्यालयहरु गरी जम्मा ८७ वटा जनगणना कार्यालयहरु र ३४९ वटा स्थानीय जनगणना कार्यालयहरुस्थापनाभएकाथिए।
- जनगणनाको फिल्ड कार्यका लागि १८७१ व्यवस्थापकीयकर्मचारी, ८५०० सुपरिवेक्षक र ३६००० गणकहरु परिचालनगरिएको थियो । सुपरिवेक्षक र गणकहरुमा महिलाको सहभागिता ५० प्रतिशतभन्दाबढी रहेको थियो ।
- जनगणना सञ्चालनकाविविधपक्षहरुको जाँचतथासोधिने प्रश्नावलीको परिक्षण गरि जनगणनालाईव्यवस्थापकियतथाप्राविधिक रुपमाचुस्त दुरुस्त बनाउनकालागिसबै प्रदेश, हिमाल, पहाड र तराईकोप्रतिनिधित्वहुने गरी १४ जिल्ला बाट ५५ वडाका ६० वटा गणना क्षेत्रमा पाइलट जनगणना सञ्चालनगरिएको थियो ।
- जनगणना पश्चात जनगणनाको गुणस्तर जाँचगर्न विश्वव्यापी रुपमाअपनाइने गणना जाँच सर्वेक्षण (Post Enumeration Survey-PES) सञ्चालन गर्न पहिलो पटकजनगणना गर्ने निकाय (राष्ट्रिय तथ्याङ्ककार्यालय) बाहेकको स्वतन्त्रनिकाय -श्रम अध्ययनकार्यक्रम, मानविकीतथा समाजशास्त्र संकाय, त्रिभुवनविश्वविद्यालयमार्फत गणना जाँच सर्वेक्षण सञ्चालनगरिएको थियो।
- राष्ट्रिय जनगणना २०७८ मा संकलितमुख्यप्रश्नावली, घर तथा घरपरिवार सूचीकरण फारामलगायतअन्यफारामहरुकातथ्याङ्कप्रशोधन र तालिकीकरण कार्य पूर्णरुपमा राष्ट्रिय तथ्याङ्ककार्यालयकै जनशक्तिबाट राष्ट्रिय तथ्याङ्ककार्यालय परिसरभित्रै सम्पन्नगरिएको छ।प्रश्नावलीको कोडिङ तथा सम्पादनतथाकम्प्युटर प्रविष्टि कार्यका लागि१०० जना कोडर तथा ३०० जना डाटा इन्ट्रि अपरेटमार्फत गरिएको थियो।
- जनगणनाका सम्पूर्ण विवरणको प्रशोधनपश्चात पूर्ण नतिजाप्राप्तहुन समय लाग्ने भएकोले प्रश्नावलीको आवरण पृष्ठबाटभरिएका “कन्ट्रोल फाराम” का आधारमाप्रारम्भिकनतिजातयार गरि २०७८ साल माघ ११ गते प्रारम्भिकनतिजा सार्वजनिकगरिएकोथियो।

- प्रारम्भिकनतिजाअनुसार जम्मा जनसंख्या २,९१,९२,४८० रहेकोमा सबै प्रश्नावलीको विस्तृत जाँच र प्रशोधनपश्चात् अन्तिमनतिजामान्यून फरक पर्न गएको छ ।
- राष्ट्रिय जनगणना २०७८ माराष्ट्रिय तथ्याङ्ककार्यालय र स्वास्थ्यतथा जनसङ्ख्यामन्त्रालयको सहकार्यमामातृ मृत्यु अनुपातको अनुमानतथामातृ मृत्युका कारणहरू पहिचान गर्न मातृ मृत्युसम्बन्धीअध्ययन सम्पन्नभएको हो ।
- राष्ट्रिय जनगणनामा संयुक्त राष्ट्र संघको UN Statistics Division ले प्रकाशन गरेको Principles and Recommendations for Population and Housing Censuses को जनगणना सम्बन्धीअवधारणा र परिभाषालाई आधार मानेर अक्सर बसोबासकाआधारमागरिएको हुँदामतदाता संख्यातथाअन्य विधिबाट गरिएकातथ्याङ्कसँग जनगणनाको तथ्याङ्क मेल नखान सक्छ।
- देशमाअक्सर बसोबास गर्ने परिवारका सबै सदस्यहरु अस्थायीरुपमा विदेश गएको भएउत्तरदाताको अभावमा जनगणनामा गणना हुन छुट भएको हुन सक्छ। त्यस्तै डि.भि. पि. आर. आदिलिई बिदेश गएकाहरु यस जनगणनामा गणना गरिएका छैनन् ।
- यो जनगणनाकोभिड-१९ महामारीको कारणले पुर्वनिर्धारित कार्यतालिकाभन्दा केही पछि भएकोले विगतको भन्दा यस पटकको जनगणनाको अन्तराल १० बर्ष ५ महिनाको हुनगएको छ।
- हालअंग्रेजीभाषामा राष्ट्रिय तथ्याङ्कीयप्रतिवेदन र नेपालीमा संक्षिप्तनतिजासहितको प्रतिवेदनप्रकाशनगरिएको छ।
- प्रदेश, स्थानीयतहतथा वडातहका प्रकाशनहरु क्रमशःप्रकाशनगरिनेछन्।
- जातजाति, भाषा र धर्मसम्बन्धीनतिजा र अन्यबिस्तृत आँकडाकातथ्याङ्कीयप्रतिवेदनतथाबिषयगतविश्लेषणात्मक प्रतिवेदनहरु क्रमैसँग विभिन्न चरणहरुमा प्रकाशनगरिने छ।